**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन १ गते बिहीबार ❑ 17 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## लिचीबगैंचा जग्गा विवादमा शाह परिवारको दाबी, अदालतको फैसला कार्यान्वयन गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ असार

पोखराको बहुचर्चीत लिचीबगैंचा क्षेत्रको करिब १ सय ३५ रोपनी जग्गा शाह परिवारले आफ्नो स्वामित्व रहेको दाबी गरेका छन् । पोखरा-१६ स्थित बाटुलेचौरको शाह परिवारको तर्फबाट बुधबार पोखरामा आयोजना गरिएको पत्रकार सम्मेलन मार्फत दुर्गादेवी शाह वादी रहेको जग्गा प्रकरणमा अदालतको फैसला कार्यान्वयनको माग समेत गरिएको छ ।

शाह परिवारका प्रतिनिधिहरू सुरज शाह र भिमसेन शाहका अनुसार गण्डकी अञ्चल अदालतको २०३९ सालको फैसला र पश्चिमाञ्चल क्षेत्रीय अदालतको पुनरावलोकन निर्णयको आधारमा उक्त जग्गा शाह परिवारको पक्षमा परेको छ । तर, निर्णय कार्यान्वयन हुन नसकेको उनीहरूको गुनासो छ ।

"कानुन कार्यान्वयन संघर्ष समिति" मार्फत जारी गरिएको प्रेस विज्ञप्तिमा भनिएको छ, "अदालतबाट प्राप्त अकाट्य निर्णयको कार्यान्वयन नगरी राज्यका निकायहरूले उल्टै हामीलाई थप पीडामा पारेका छन् ।" शाह परिवारका अनुसार नक्शा नं. २५, २६ र २८ अन्तर्गत पर्ने उक्त क्षेत्र अदालतको निर्णयअनुसार दुर्गादेवी शाहको नाममा कायम गर्नुपर्ने भए पनि मालपोत कार्यालय कास्कीमा



निवेदन दिइसक्दा समेत प्रक्रिया अघि बढ्न नसकेको हो । सुरज शाहले केही अनलाइन तथा छापा सञ्चारमाध्यमहरूले "झुटा र कपोकल्पित समाचार" प्रकाशित गरी शाह परिवारको मानमर्दन गर्ने प्रयास गरेको आरोप लगाए । उनले प्रेस काउन्सिलमार्फत छानबिनको माग पनि गरेका छन् । शाह परिवारका अनुसार सञ्चारमाध्यममा सुजन लामालाई "बिचौलिया" भन्दै गरिएको प्रचार अस्वीकार्य भएको बताएका छन् । "उहाँ दुर्गादेवी शाहका नाति पक्षका मित हुन्, पारिवारिक सहयोगीको हैसियतमा सहभागी हुनुहुन्छ, गिरोहको सदस्य भनेर गरिएको प्रचार आपत्तिजनक छ," सुरज शाहले बताए । यता, इन्द्रबहादुर गौचन नेतृत्वको स्थानीय समूहले भने सो क्षेत्रको जग्गा २०१७ सालदेखि कानुनी रूपमा खरिद गरी भोगचलन गर्दै आएको दाबी गरेका छन् । उनका अनुसार उक्त जग्गा उनीहरूले भण्डारी र पाखालामा परिवारबाट किनेका थिए र तिनीहरूका नाममा लालपूर्जा पनि रहेको छ। "२०१४ सालदेखि शाह परिवारले दाबी गर्दै आएको भए पनि २०२३ सालमा तत्कालिन श्री ५ महेन्द्र सरकारबाट सो क्षेत्र बकस भएको थियो," गौचनले दाबी गरे । यद्यपि, उच्च अदालत पोखराबाट मालपोत कार्यालय कास्कीलाई पठाइएको पत्रमा दुर्गादेवी शाहको पक्षमा अन्तिम फैसला भएको उल्लेख छ । अदालतको सुपरिटेन्डेन्टको हस्ताक्षर रहेको पत्रमा अदालतको निर्णय तत्काल कार्यान्वयन गर्न निर्देशन दिइएको उल्लेख गरिएको छ ।

यसबीच, लिचीबगैंचा प्रकरण अझ जटिल बन्दै गएको छ । एकातर्फ अदालतको निर्णय तत्काल लागू गर्नुपर्ने माग भइरहेको छ भने अर्कोतर्फ दशकौंदेखि त्यहाँ बसोबास गर्दै आएका स्थानीयको स्थायी हकदाबीसमेत रहेको छ । यो विवादमा पूर्व मन्त्री, कर्मचारी, बिचौलिया र राजनीतिक पहुँच प्रयोगको आरोप पनि जोडिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत सम्बन्धित निकायमा उजुरीसमेत परेका छन् । शाह परिवारले आरोप लगाएको बिचौलिया सुजन लामाले पोखरा-१६ अमरदीप क्षेत्रको १३५ रोपनीभन्दा बढी जग्गा विभिन्न व्यक्तिका नाममा दर्ता गराइदिने भन्दै ठगी गरेको दाबी गरिएको छ । उनीमाथि तत्कालीन मालपोत प्रमुख रामचन्द्र अधिकारीसँगको मिलेमतोमा करोडौं रुपैयाँ असुलेको आरोप छ । पीडितहरूले लामाले वकिल, प्राविधिक र कर्मचारीसँगको साँठगाँठमार्फत ठगी धन्दा चलाएको, कर्मचारी सरुवा गराउन राजनीतिक पहुँच प्रयोग गरेको बताएका छन् । यो प्रकरणमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री रहेका राजकुमार गुप्ताको नाम समेत जोडिएपछि उनी हालै पदबाट राजीनामा दिन बाध्य भएका छन् । ७८ लाख रुपैयाँ घुस प्रकरणसम्बन्धी अडियो सार्वजनिक भएपछि उनले राजीनामा दिएका हुन् ।

आम जनता पार्टी गण्डकी प्रदेशका प्रमुख भोजराज त्रिपाठीले पिडितहरूको पक्षमा आफुहरूले आवाज उठाउन थालेको बताए । उनले पीडितहरूलाई धम्की दिइएको र ज्यान मार्ने सम्मको डर देखाइएको दाबी गरे ।

त्रिपाठीले जनताको अधिकारमाथि दमन भइरहेको भन्दै सबै निकाय कानुनअनुसार चल्नुपर्नेमा जोड दिए । भिमसेन शाह सोही पार्टीका उपाध्यक्ष हुन् ।

## फेवातालको सीमा निर्धारण सम्पन्न, गाडिए १ हजार ५५ पिल्लर

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ असार

सर्वोच्च अदालतको आदेश अनुसार पोखराको फेवातालको सीमाङ्कनपश्चात् तालको सिमानामा सीमा स्तम्भ गाड्ने कार्य सम्पन्न भएको छ । पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार र संघीय सरकारको संयुक्त पहलमा १ हजार ५५ वटा सीमा स्तम्भ गाडिएको हो ।

करिब ४५ दिनको अवधिमा सम्पन्न भएको सीमाङ्कन कार्यलाई पोखरा महानगरका प्रमुख धनराज आचार्यले "ऐतिहासिक उपलब्धि" को रूपमा उल्लेख गर्दै यसमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्ने सबै निकायलाई आभार व्यक्त गर्नुभयो । उहाँले अब दोस्रो चरणको फेवाताल संरक्षण अभियान सुरु गर्ने योजना रहेको पनि बताउनुभयो ।

पोखरा उपत्यका नगर विकास समितिका कार्यालय प्रमुख प्रकाश सुवेदीका अनुसार तालको चारैतिर १०५५ डिजिटल स्तम्भहरू गाडिएका छन्, जसमा ६११ वटा सिमेन्टेड (कंक्रिट) पिल्लर रहेका छन् ।

सर्वोच्च अदालतको आदेश कार्यान्वयनका लागि गठित फेवाताल संरक्षण सहजीकरण समितिका संयोजक एवं गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पोखरा महानगरका मेयर आचार्य र तत्कालीन प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको नेतृत्वमा गत जेठ १७ गते तालको किनार बाराहीघाट देखि पोल गाड्ने काम सुरु गरिएको थियो ।

तालको सीमाङ्कन कार्य डिजिपिएस प्रविधि र ड्रोन सर्वेमार्फत गरिएको हो। २९ वटा मुख्य आधार विन्दु निर्माण गरी ती विन्दुमा ४० से.मी.उचाइका पिल्लरहरू जमिनमुनि गाडिएको छ । यसलाई आधार मानेर ९ हजारवटा नियन्त्रण विन्दुहरू तोकिएको छ । सिँचाइ डिभिजन कार्यालय कास्कीको १० वर्षको रेकर्ड, अघिल्लो नक्सा र मापन अध्ययनका आधारमा फेवातालको हाई फ्लड लेभल ७९४।९५ मिटर निर्धारण गरिएको हो। त्यसको आधारमा तालको क्षेत्रफल ६।३४३ वर्ग किमी ९१२,४६८ रोपनी ३ पैसा ३ दाम कायम गरिएको हो । सर्वोच्च अदालतले तोकेको ६५ मिटर अतिरिक्त सुरक्षा क्षेत्रलाई समेत समावेश गर्दा तालको कुल क्षेत्रफल ७।६१६ वर्ग किमी ९१४,९७० रोपनी० पुग्ने पोखरा महानगरले जानकारी दिएको छ ।

यसबीच, केही स्थानिय जग्गाधनीहरूले सीमाङ्कनको विरोध जनाउँदै आएका छन्। उनीहरू तालको सिमा निर्धारणले निजी सम्पत्तिमा असर पर्ने भन्दै असन्तुष्टि जनाउँदै आएका छन् ।

फेवातालको संरक्षण, पोखराको पर्यावरण, जल स्रोत र प्राकृतिक सम्पदाको दीर्घकालीन सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले गरिएको यो सीमाङ्कन कार्यले सांस्कृतिक पहिचान जोगाउन पनि महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

## 'साउन डेङ्गी सचेतना' महिना घोषणा

**रासस**
काठमाडौं, ३२ असार

सरकारले 'साउन महिना डेङ्गी सचेतना' घोषणा गरेको छ ।

बुधबार यहाँ आयोजित कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले 'साउन महिना डेङ्गी सचेतना' घोषणा गर्नुभएको हो ।

मन्त्री पौडेलले साउनमा डेङ्गी सङ्क्रमण उच्च विन्दु पुग्ने तथा तीव्र हुने भएकाले साउनको सुरुआतदेखि नै सचेतना फैलाउनका लागि डेङ्गी सचेतना महिनाका रूपमा घोषणा गरिएको जानकारी दिनुभयो । उहाँले साउनदेखि कात्तिकसम्म डेङ्गीको जोखिम हुने भएकाले हरेक शुक्रबार बिहान १० बजे 'खोज र नष्ट गर' अभियान सुरु गरिने उल्लेख गर्नुभयो । "डेङ्गी साउन महिनामा उच्च सङ्क्रमण हुने सुरुवाती महिना हो", उहाँले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## ज्येष्ठ नागरिकलाई सामाजिक सम्मान जरूरी: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ३२ असार

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले ज्येष्ठ नागरिकका बारेमा जनचेतना अभिवृद्धि जरुरी रहेको बताउनुभएको छ ।

ज्येष्ठ नागरिकलाई सम्मान आत्मानुभूतिको आवश्यकता पर्ने भएकाले ज्येष्ठ नागरिक प्रति गरिने व्यवहारका बारेमा सचेतना आवश्यक रहेकोमा उहाँले जोड दिनुभयो ।

जेष्ठ नागरिक सरोकार समाज, कास्कीको आयोजनामा पोखरा ३१ मा सञ्चालित शिव महापुराण धार्मिक समारोहको शुभारम्भ गर्नुहुँदै प्रदेश प्रमुख भट्टले जेष्ठ नागरिकहरूलाई संगठित गरी उनीहरुका समस्याको पहिचानको साथै समाधानका



उपायको खोजी गर्नुपर्नेमा जोड दिनुभयो । नेपालमा हरेक वर्ष पुस ११ लाई राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका रूपमा मनाउन थालिएको बताउँदै प्रदेश प्रमुख भट्टले ज्येष्ठ नागरिकको मानव अधिकारको संरक्षण, स्वस्थ र मर्यादित जीवनशैलीको प्रवर्द्धन र उनीहरूमाथि हुने दुर्व्यवहार, हिंसा र विभेदको रोकथाम जरुरी रहेको उल्लेख गर्नुभयो । ज्येष्ठ नागरिकको सामाजिक सुरक्षाको प्रत्याभूति दिनु राज्यको दायित्व भएको उल्लेख गर्नुहुँदै उहाँले राज्य सँगसँगै ज्येष्ठ नागरिकका क्षेत्रमा विभिन्न सङ्घसंस्था तथा निजीस्तरले पनि सरोकार राख्न थालेकोमा खुशी व्यक्त गर्नुभयो । 'असहाय, निःसहाय, दीनदुःखी ज्येष्ठ नागरिकको संरक्षणका लागि मानव सेवा आश्रम, सामुदायिक वृद्धाश्रमले काम गरिरहेका छन् ।' उहाँले भन्नुभयो - 'सामाजिक रूपमा सम्मान गर्ने परम्पराको विकास हुँदै गएको छ । जुन खुशीको कुरा हो ।'

धार्मिक तथा सांस्कृतिक गतिविधिलाई प्रवर्द्धन गर्ने उद्देश्यले समाजले गरेको शिव महापुराण महायज्ञ, ब्राह्मणद्वारा हवन, पूजा अर्चना आदि कार्यक्रमबाट धार्मिक पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

समाजमा धार्मिक सहिष्णुता कायम गर्दै मानवकल्याण र विश्व शान्तिका लागि धार्मिक धामको सुदृढ व्यवस्थापन साथै संस्थालाई दीगो रुपमा सञ्चालन गर्दै पूर्वीय वैदिक सभ्यता र संस्कृतिको अध्ययन-अनुसन्धान गर्ने स्थलको रुपमा विकसित गर्ने लक्ष्य पूरा गर्न सकोस् भन्ने कामना पनि उहाँले गर्नुभयो ।

## उच्च अदालत पोखराको मुद्दा फछ्र्यौटमा सुधार


**पोखरापत्र संवाददाता**
पोखरा, ३२ असार

सर्वोच्च अदालतको पञ्चवर्षीय रणनीतिक योजनाअन्तर्गत उच्च अदालत पोखराले मुद्दाको फछ्र्यौटमा तीव्रता दिएको छ । उच्च अदालतको आँकडाअनुसार मुद्दा फछ्र्यौटको दर यस वर्ष वृद्धि भएको हो ।

गत आवमा अदालतमा रहेका कूल तीन हजार ४८८ मुद्दामध्ये एक हजार ८९८ अर्थात् जम्मा ५४.४१ प्रतिशत मुद्दा फछ्र्यौट भएकामा यस आवमा मुद्दा फछ्र्यौटको दर ७८.०७ प्रतिशत पुगेको छ ।

यस वर्ष अदालतमा रहेका कूल तीन हजार ४२० मुद्दामध्ये दुई हजार ६७० मुद्दा फछ्र्यौट भएको अदालतका रजिष्ट्रार खड्गराज अधिकारीले जानकारी दिनुभयो । फछ्र्यौट हुन बाँकी मुद्दाको सङ्ख्या ७५० रहेको छ। गत आवमा १८ महिना नाघेका मुद्दा १२ रहेकामा चालु आवमा त्यस्ता मुद्दाको सङ्

बाँकी अन्तिम पृष्ठमा ▶▶

# बाँदरको हैरानीपछि धितालवासीको दुधमुखी आश्रय

पोखरापत्र संवाददाता
पोखरा, ३२ असार

कास्कीको माछापुच्छ्रे गाउँपालिका-६ धितालका किसान पछिल्ला वर्षहरूमा दुध उत्पादनमा सक्रिय बन्दै गएका छन्। बाँदरको बढ्दो समस्याका कारण अन्नबाली जोगाउन मुस्किल भएपछि उनीहरूले गाई तथा भैंसी पालनलाई विकल्पको रूपमा रोजेका हुन्।

धितालका स्थानीय पहिले धान, मकै, गहुँ, कोदो लगायतका अन्नबाली सहित तरकारी तथा फलफूल खेती गर्दै आइरहेका थिए। तर, करिब पाँच-छ वर्षयता बाँदरको समस्याले अन्नबाली समयमै भित्र्याउन नपाएपछि उनीहरू मुख्य पेशाकै रूपमा दुध उत्पादनमा लागेका छन्।

माछापुच्छ्रे गाउँपालिका-६ का वडा अध्यक्ष टेकनाथ गौतमका अनुसार, "भेडाबारी र धिताल क्षेत्रका धेरै किसानले बाँदरको डरले खेत नै बाँझो छोड्न थालेका छन्। धेरैले अब गाई-भैंसी पालन गरेर दुध उत्पादन गर्न थालेका छन्।" उनले जनशक्ति अभावकै कारण केही किसानले चाहे पनि पशुपालनमा जान नसकेको अवस्था रहेको उल्लेख गरे। धिताल दुग्ध उत्पादन सहकारी संस्था स्थापना भएको ६ वर्ष भइसक्यो। सहकारी मार्फत गाउँमा उत्पादित दुध संकलन गरी पोखरास्थित लवकुश डेरी उद्योग प्रालिलाई आपूर्ति गरिन्छ। सहकारीका सचिव खेमबहादुर भुजेलका अनुसार हाल दैनिक ६ सयदेखि ६ सय ५० लिटर दुध संकलन हुँदै आएको छ। सहकारीमा ६५-७० जना किसान दुध दिने गरेका छन् भने कुल शेयर सदस्य संख्या ६० रहेको छ। तर, पछिल्लो समय किसानहरू भुक्तानी नपाएको भन्दै असन्तुष्ट देखिएका छन्। डेरी उद्योगले समयमै रकम दिन नसक्दा किसानहरू मर्कामा परेका हुन्।

लवकुश डेरीकी सञ्चालक सुस्मा पहारीले दुधको अफसिजन भएकाले प्रसोधनमा ढिलाइ हुनुका साथै भुक्तानीमा समस्या देखिएको बताइन्। "अहिले २-३ महिनासम्म भुक्तानी रोकिने अवस्था छ," उनले भनिन्। सहकारीका सचिव भुजेलका अनुसार डेरी उद्योगसँग हालसम्म ५० लाख रुपैयाँ भुक्तानी हुन बाँकी छ।

यसबीच, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत दुग्ध संकलनका लागि १ हजार लिटर क्षमताको मिल्क चिलिङ भ्याट स्थापनामा सहयोग प्राप्त भएको छ। कुल ५ लाख १९ हजार रुपैयाँ लागतमा स्थापना भएको सो चिलिङ भ्याटको ८५ प्रतिशत अनुदान परियोजनाबाट प्राप्त भएको हो। यसअघि पुरानो चिलिङ भ्याटको मर्मतमा वार्षिक एक लाख रुपैयाँभन्दा बढी खर्चिनुपर्ने अवस्था रहेको सचिव भुजेलले बताए।

परियोजना कार्यान्वयन इकाइ, कास्कीका प्रमुख वरिष्ठ कृषि अधिकृत माधव लम्सालले दुग्ध उत्पादनमा लागेका किसानलाई प्रोत्साहित गर्न सहयोग गरिएको बताए। उनका अनुसार, दुई महिनाअघि सञ्चालनमा आएको नयाँ चिलिङ भ्याटले किसानलाई राहत दिएको छ। कार्यालयले हालै उक्त केन्द्रको अनुगमनसमेत सम्पन्न गरेको छ।

# साउन ...

भन्नुभयो, "यस महिनामा सतर्कता अपनाउन सके सङ्क्रमण कम गर्न सकिन्छ। त्यसैले सम्भावित जोखिम नियन्त्रण गर्नका लागि साउनलाई सचेतना अभियान महिना घोषित गरिएको हो।"

मन्त्री पौडेलले डेङ्गी सरकारको एकल पहलले मात्र गर्न न्यूनीकरण गर्न नसकिने भन्दै नीजि क्षेत्र, समुदाय, टोल सबैको सहयोग र समन्वय आवश्यक पर्ने खाँचो औँल्याउनुभयो।

मन्त्रालयका सचिव डा विकास देवकोटाले साउनमा बढी पानी पर्ने भएकाले घर वरपर पानी जम्न नदिने उपाय अपनाउन सबैलाई अनुरोध गर्नुभयो। उहाँले कम्तिमा साउनदेखि कात्तिकसम्म लामखुट्टे खोज र नष्ट गर अभियान हरेक कार्यलय, टोलमा संचालन गर्न सके डेङ्गी सङ्क्रमणलाई कम गर्न सकिने धारणा राख्नुभयो। "गत वर्ष सुरु भएको लामखुट्टे खोज र नष्ट गर अभियानका कारणले डेङ्गी सङ्क्रमण घटेको छ", उहाँले भन्नुभयो, "यसपटक पनि यस अभियानलाई निरन्तरता दिए सङ्क्रमण घटाउनु पर्छ।" सचिव डा देवकोटाले डेङ्गी पूर्णरूपमा उन्मूलन गर्न नसकिने भन्दै मानिसको जीवनशैली परिवर्तन गरेर सङ्क्रमित हुनबाट जोगिनुपर्ने बताउनुभयो।

स्वास्थ्य सेवा विभागका महानिर्देशक टङ्कप्रसाद बाराकोटीले डेङ्गी सङ्क्रमण एडिज जातको लामखुट्टेको टोकाइबाट सर्ने भएकाले उक्त लामखुट्टेलाई खोजेर नष्ट गर्नु उत्तम उपाय रहेको बताउनुभयो। विश्व स्वास्थ्य सङ्गठनका नेपाल प्रमुख डा राजेश पाण्डवले डेङ्गी सङ्क्रमण नियन्त्रणका लागि बहुक्षेत्रको भूमिका तथा संलग्नता हुनुपर्नेमा जोड दिनुभयो। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चन्द्रभाल झाले डेङ्गीको जोखिम हुने क्षेत्र पहिचान गरी खोज र नष्ट अभियान सञ्चालन गर्न स्थानीय तहलाई निर्देशन दिइसकिएको जानकारी दिनुभयो। महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले पानी परेसँगै डेङ्गीको सङ्क्रमण बढ्ने बताउनुभयो। उहाँका अनुसार गत पुस १० गतेदेखि असार ३१ गतेसम्म ७३ जिल्लाका एक हजार ९८३ जनामा सङ्क्रमण देखिएको छ। "डेङ्गी पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फूल पार्दछ र ती फूलबाट लार्भा निस्कन्छ। त्यही लार्भा वयस्क भएपछि टोकेमा डेङ्गी रोग लाग्दछ", उहाँले भन्नुभयो।

# गण्डकी प्रदेश खेलकुद परिषदमा सदस्य मनोनयन

पोखरापत्र संवाददाता
पोखरा, ३२ असार

तीन महिनादेखि रिक्त रहेको गण्डकी प्रदेश खेलकुद परिषदको सदस्य पदमा प्रदेश सरकारले नयाँ मनोनयन गरेको छ। सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको सिफारिसमा परिषदमा नयाँ सदस्य हालै नियुक्त गरिएको हो।

नयाँ सदस्यहरूले सोमबार पोखरामा आयोजित कार्यक्रममार्फत पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन्। सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री एवं परिषद अध्यक्ष विन्दुकुमार थापाको उपस्थितिमा परिषदका सदस्य सचिव श्रीधर शर्माले शपथ गराएका हुन्।

प्रदेश खेलकुद विकास ऐन २०७७ र नियमावली २०७८ अनुसार रिक्त पदमा नियुक्ति गरिएको सदस्यसचिव शर्माले जानकारी दिए। मनोनयन गरिएका मध्ये ९० प्रतिशतभन्दा बढी सदस्य कास्की जिल्लाबाट रहेका छन्। खेल संघहरूको प्रतिनिधित्वमा गण्डकी प्रदेश भलिबल संघबाट भीम पराजुली, गण्डकी प्रदेश फुटबल संघबाट अनिषा तुलाचन र हाप्कीडो प्रदेश संघबाट खिम पुन मगर नियुक्त भएका छन्।

त्यसैगरी अन्य मनोनीत सदस्यहरूमा भेनिश थापा, कृष्णबहादुर थापा, केशमाया गुरुङ, इन्द्राकुमारी मल्ल, रविन्द्रबहादुर प्रजु, संगीता सुवेदी, दिलबहादुर गुरुङ, कञ्चन थापा कोइराला, सीताकुमारी गुरुङ, सागर गुरुङ, विजय कुमार आले मगर र रेखमाया गुरुङ रहेका छन्। यसपटक दोस्रो कार्यकालका लागि नेपाल भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष समेत रहेका दिलबहादुर गुरुङ पुनः मनोनयनमा परेका छन्।

# चिनिया पर्यटकलाई लक्षित गरी पोखरामा आधारभुत चिनिया भाषा तालिम

पोखरापत्र संवाददाता
पोखरा, ३२ असार



पोखरा आउने चिनियाँ पर्यटकलाई लक्षित गरी नेपाल एशोसियसन अफ टुर्स एण्ड ट्राभल एजेन्ट (नाट्टा) गण्डकी प्रदेशको आयोजना एवम् नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको सहकार्यमा पोखरामा ४५ दिने चिनिया भाषा तालिम सम्पन्न गरिएको छ।

पोखरामा चिनिया पर्यटकहरूको आगमनलाई लक्षित गरी उनिहरूको आतिथ्यतामा सहयोग पुगोस् भन्ने उद्देश्यका साथ तालिम आयोजना गरिएको नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दाहालले जानकारी दिनुभयो।

पोखरामा आउने चिनियाँ पर्यटकसँग सामान्य बोलीचाली र पर्यटन व्यवसायलाई थप टेवा पुऱ्याउनका लागि तालिम उपयोगी बनेको विश्वास लिइएको उहाँले बताउनुभयो। तालिममा पोखरामा पर्यटन व्यवसाय सञ्चालन गरिरहेका ८४ जनाको सहभागिता थियो।

पोखराको पर्यटन व्यवसायलाई प्रभावकारी बनाउने उद्देश्यका साथ यहाँका पर्यटन व्यवसायीलाई सहभागी बनाएर गरिएको तालिम बहु उपयोगी बनेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताउनुभयो। यस किसिमका तालिमलाई आगामी दिनमा अझै परिस्कृत बनाउँदै लैजानुपर्ने उहाँको भनाइ छ। नाट्टा गण्डकी प्रदेशका महासचिव चेतन कार्कीका अनुसार तालिममा चिनियाँ प्रशिक्षकद्धय रिहा र हानले सहजिकरण गर्नु भएको थियो। तालिमको समापन समारोहमा पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, पोखरा भ्रमण वर्ष २०२५ कार्यान्वयन समितिका संयोजक गोपीबहादुर भट्टराई, नाट्टा गण्डकी प्रदेश पूर्वअध्यक्ष परिषद्का संयोजक बासु त्रिपाठी, नाट्टा गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष हरिराम अधिकारी, प्रशिक्षार्थी संगीता अधिकारी लगायतले भाषा तालिमले पर्यटन व्यवसायलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

# उच्च अदालत ...

ख्या शून्यमा झरेको रजिष्ट्रार अधिकारीले बताउनुभयो। बर्सेनि पुराना मुद्दाको सङ्ख्या घटेको उहाँको भनाइ छ।

अदालतमा आव २०७७/०७८ मा १२१, २०७८/०७९ मा ६३ र २०७९/०८० मा १७ मुद्दा १८ महिना नाघेका थिए। फछ्र्यौट हुन बाँकी ७५० मुद्दामध्ये सरल प्रकृतिका ५३४, सामान्य प्रकृतिका १८६ र विशेष प्रकृतिका ३० मुद्दा रहेको रजिष्ट्रार अधिकारीले जानकारी दिनुभयो। सर्वोच्च अदालतको ६५ प्रतिशत मुद्दा फछ्र्यौटको लक्ष्य तोके पनि त्योभन्दा बढी ७८.०७ प्रतिशत मुद्दा फछ्र्यौट भएको उहाँको भनाइ छ। उच्च अदालतका मुख्य न्यायाधीश डा रत्नबहादुर बागचन्दले छरितो र चुस्त कार्यसम्पादनका कारण मुद्दा फछ्र्यौटमा उल्लेख्य सुधार आएको बताउनुभयो।

सीमित स्रोतसाधनका बाबजुद न्याय सम्पादनलाई प्रभावकारी बनाउँदै न्यायमा सबैको पहुँच अभिवृद्धिका लागि आफूहरु लागिपरेको मुख्य न्यायाधीश डा बागचन्दले बताउनुभयो।

# भानुजयन्तीमा विविध प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, ३२ असार



आदिकवि भानुभक्त आचार्यको २१२ औं जन्मजयन्तीका अवसरमा आदिकवि भानुभक्त आचार्य जन्मस्थल विकास समिति, भानु नगरपालिका वडा नं ४ तनहुँले विभिन्न प्रतियोगिता सम्पन्न गरेको छ।

कार्यक्रमका अवसरमा आयोजित भानुभक्तीय रामायण वाचन प्रतियोगितामा कास्कीको पोखरा महानगरपालिका वडा नं ३२ तल्लो गगनगौडास्थित गोगन माध्यमिक विद्यालयकी कक्षा १० की छात्रा सुजाता पौडेल प्रथम बन्नुभएको छ। प्रतियोगितामा ब्यास नपा ३ दमौलीका स्वाधिनता पौडेल द्वितीय, भानु संस्कृत मा.वि.का गरिमा नेपाली तृतीय र सोही मा.वि.की प्रस्तुती आचार्य सान्त्वना बन्नुभएको छ।

त्यस्तै खुल्ला विद्यालयस्तरीय कविता प्रतियोगितामा फिस्टेल आवासीय मा.वि.की मौसमी गैरे प्रथम, गोगन मा.वि.की सुजाता पौडेल द्वितीय, भानु संस्कृत मा.वि.की सृष्टि सुनार तृतीय एवम् सोही मा.वि.की विनिशा श्रेष्ठ र नारायणी आधारभुत विद्यालयकी शिवानी अधिकारी सान्त्वना भएका छन्। कक्षा १ देखि ८ सम्मका विद्यार्थीका लागि आयोजित भानुभक्तको चित्रलेखन प्रतियोगितामा जनजागृती मा.वि.की स्नेहा गुरुङ प्रथम, भानु संस्कृत मा.वि.का अंकीत बसेल द्वितीय, नारायणी आधारभुत विद्यालयका रमेश राई तृतीय र सोही विद्यालयकी अनिता तामाङ सान्त्वना भएका छन्।

त्यस्तै खुला कविता प्रतियोगितातर्फ महेश ठेडी मगर प्रथम, रश्मि सेढाईं द्वितीय, रामप्रसाद पौडेल तृतीय र अनिता श्रेष्ठ सान्त्वना भएका छन्। प्रतियोगिता अन्तर्गत भानुभक्तीय रामायण वाचन प्रतियोगिता र विद्यालय स्तरीय खुल्ला कविता प्रतियोगिताका प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने विद्यार्थीलाई क्रमशः १० हजार, सात हजार, पाँच हजार र दुई हजार रुपैयाँ नगद सहित प्रमाणपत्र प्रदान गरिएको थियो। त्यस्तै कक्षा १ देखि ८ सम्मका विद्यार्थीको भानुभक्तको चित्र लेखन प्रतियोगिताका प्रथम, द्वितीय, तृतीय र सान्त्वना प्राप्त गर्ने विद्यार्थीलाई क्रमशः चार हजार, तीन हजार, दुई हजार र एक हजार रुपैयाँ नगद सहित प्रमाणपत्र प्रदान गरिएको थियो। त्यस्तै खुल्ला कविता प्रतियोगिताका प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने विजयीलाई क्रमशः १५ हजार, १० हजार, पाँच हजार र दुई हजार रुपैयाँ सहित प्रमाणपत्र प्रदान गरिएको थियो। विजयी विद्यार्थीलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठी, आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका अध्यक्ष रामकुमार श्रेष्ठ लगायतले पुरस्कार तथा सम्मान प्रदान गर्नुभएको थियो।

# निर्देशक न्यौपानेको नाटक "आमा" साउन २ गते मञ्चन हुने

निखिल सापकोटा
पोखरा, ३२ असार



आमाको ममताको गहिराइ, समर्पणको छायाँ, र सन्तानप्रतिको निष्कलंक प्रेमलाई उजागर गर्ने गरि नाट्यकृति "आमा –जसको समर्पण र ममता शाश्वत छ" को तयारी अन्तिम चरणमा पुगेको छ र पोखरा थिएटरका सीइयो परिवर्तनका अनुसार सृजनशील निर्देशन र गहिरो भावनात्मक रचना समेटिएको यो नाटकले दर्शकलाई आमाको जीवनका चारवटा कालखण्ड देखाइन्छ। उनका अनुसार यो नाटक श्रावण २ गतेदेखि १० गते सम्म पोखरा थिएटरमा निरन्तर मञ्चन हुने छ।

नाटक 'आमा' चार दृश्यमा विभाजित छ, जसले फूलमायाको जीवनमार्फत नेपाली आमाको समर्पण, सपना र संघर्षको जीवन्त चित्रण गर्दछ। फूलमायाको बाल्यकालमा नै उनकी साथी 'सपना' गुडियाका रूपमा प्रस्तुत गरिएको छ जो आमाको आकांक्षाको छायाँ स्वरूपको रूपमा देखाइएको पाइन्छ। उनि युवावस्थामा मातृत्व र जिम्मेवारीबीच थिचिन्छिन् भने उनको श्रीमान् शान्तिको खोजीमा विदा हुन्छन् र बेपत्ता हुन्छन्। जीवनको अन्तिम अवस्थामा उनि विदेशिएको छोराको प्रतीक्षामा उनी एक्लिँदै हुन्छिन। अन्तिममा मृत्यु भएकि फूलमायालाई 'सपना'ले पुनर्जीवित गर्छिन् – चिठ्ठी र स्मृतिहरूको माध्यमबाट। यस नाटकमा तिर्थ श्रेष्ठका "फुल्न नपाएका फूलमायाहरू", "म यशोधरा", "धर्से धर्सको चक्रव्यूहमा बुढी आमा", र "बृद्धाश्रमबाट आमाको चिठी" जस्ता कविता सजीव स्वरूपमा प्रस्तुत हुनेछन्। त्यसतै गरि दृश्य, प्रकाश र सर्पहरूको नृत्य प्रयोग गरेर दर्शकलाई आमा बन्नु, सपना त्याग्नु, अनि प्रतीक्षा गर्नु कस्तो अनुभूति हो भन्ने अनुभूत गराउने प्रयास गरिएको छ। लेखक निर्देशक नारायण न्यौपानेका अनुसार , "कविता र नाटकको दृश्यविधान एउटै छायाँ जस्तै मिलाएर बुनिएको यस नाटकले पक्कै पनि आम दर्शक लाई नयाँ स्वाद दिन्छ। सजीव र निर्जीव पात्र मार्फत समस्त आमाको कथा भन्न कोसिस गरिएको छ। आमा त्यो शक्ति हो जुन न त थाक्छ, न त हार्छ, केवल माया गर्छ र कुर्दै जान्छ।" कृष्टि गुरुङ, अन्जली शाही, सीतला अधिकारी, सुसन पौडेल, धनकाजी श्रेष्ठ, रमेशबाबु तिमिल्सिना, श्रीकृष्ण भण्डारी, सृष्टि पँगेनी र राहुल श्रेष्ठ जस्ता कलाकारले नाटकलाई जीवन्त तुलाउन निरन्तर अभ्यास गरिरहेका छन्। लेखक तथा निर्देशक नारायण न्यौपाने द्वारा लिखित र निर्देशित यस नाटकमा प्रसिद्ध कवि तिर्थ श्रेष्ठका कविता समावेश गरिएका छन्, जसले नाटकको संवेदनशील भावभूमिमा साहित्यिक गहिराइ थपेका छन्।

प्रमिला तुलाचनको सुपरिवेक्षणमा, परिवर्तनद्वारा संगीत, प्रकाश र दृश्य संयोजन गरिएको यो नाटकमा ध्वनि र प्रकाशको परिचालन दिल बहादुर थापा, सह निर्देशन रमेशबाबु तिमिल्सिना, कला निर्देशन विकास अधिकारी, कोरियोग्राफी सरिता मगर, पोस्टर डिजाइन निशान थापा, मञ्च व्यवस्थापन धनकाजी श्रेष्ठ, र बक्स अफिसमा अस्मिता गोदार संलग्न छन्।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

**सम्पादकीय**

# कोदो दिवस

सरकारक लेवर्ष हरेक को साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवसको रूपमा मनाउने भएको छ । सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले यही असार २३ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै आगामी साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवसको रूपमा मनाउने जानकारी दिएका छन । नेपाली जनतामा खानपानको शैली परिवर्तन हुँदै जाँदा कोदोको कम प्रयोग गर्ने बानीमा सुधार ल्याउन कोदोको महत्त्व बुझाउनु जरुरी छ। गरीबको आटिलो आहार भनेर चिनिने कोदोलाई दिवसको रुपमा मनाउनु कोदोको खेतीमा प्रेरित गर्नु हो ।

कोदोजन्य बाली समूहमा सामान्यतया १० थरीका बालीहरू बढी प्रचलनमा रहेतापनि नेपालमा कोदो, चिनो, कागुनो र जुनेलो बढी खेती गरिनेमा पर्छन् । फापर र लट्टे पनि दानाको आकार-प्रकार, पोषण सम्बन्धी गुण र उपभोगको तरिकामा रहेका केही समानताको कारण कोदोजन्य बालीअन्तर्गत नै राख्ने गरिन्छ । विगतमा खाद्य सुरक्षा तथा पोषणको महत्वपूर्ण आधारको रूपमा रहेको भएतापनि आधुनिक जीवनशैली र सोसँगै खाने बालीमा आएको परिवर्तनलगायतका कारण कोदोजन्य बालीहरूको उत्पादन तथा उपभोग घट्दै गइरहेको तथ्याङ्कले देखाउँछ । खाद्य तथा कृषि प्रणालीमा देखा परेको समस्या एवं चुनौतीबीच पछिल्लो समय कोदोजन्य बालीप्रति विश्वव्यापी रूपमा नै आम चासो बढ्दै गएको पाइन्छ ।

कोदोजन्य बालीहरूमा विद्यमान खाद्य सुरक्षा, स्वास्थ्य तथा पोषण एवं जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्बन्धी गुणलगायतले यस्तो भएको हो। हिजो गरीबले खाने कोदाको ढिडो आजभोलि धनीले पनि शोखको रुपमा खाने गर्दछन। गाउँ घरमा बाध्यताले खाने कोदोको परिकार शहर बजारमा शौखिनले खाने परिकार बन्दै गएको छ। अब हरेक शहर बजारमा कोदाको परिकार पाउनु ईज्जतको रुपमा लिने गरिन्छ। नेपालीको जीवन शैलीमा आएको परिवर्तनले कोदोको महत्त्व बढाएको छ । कतिपय देशहरूले त्यस्ता बालीहरूको प्रवर्द्धनको लागि राष्ट्रिय अभियान नै संचालन गरेका उदाहरण पनि छन् । यसै सन्दर्भमा मित्रराष्ट्र भारतको प्रस्तावमा संयुक्त राष्ट्रसंघ साधारणसभाको पचहत्तरौं सेसनले पारित गरे बमोजिम सन् २०२३ लाई अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष (इन्टरनेशनल इयर अफ मिलेट्स २०२३) को रूपमा मनाइँदैछ ।

मूलतः कोदोजन्य बालीहरूको महत्व बारे प्रचारप्रसार गरी तिनको उत्पादन र उपभोग बढाउन उत्पादक कृषक, उपभोक्ता र अन्य सरोकारवालाहरूलाई प्रेरित गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष मनाउँदै आइएको छ। यो दिवसको रुपमा सिमित नगरी पौष्टिक आहारको खेती गर्न र सबैको चुल्होमा पाक्ने बनाउन प्रेरित गर्नु जरुरी छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# चन्दा सङ्कलन गरी २७ किलोमिटर पदमार्ग

**रासस**
म्याग्दी, ३२ असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ को धार्मिक पर्यटकीयस्थल खयरबाराही (खयरभारानी) ताल जोड्न पदमार्ग निर्माण भएको छ । रु एक करोड ७० लाख चन्दा सहयोग जुटाएर उक्त पदमार्ग निर्माण गरिएको हो ।

खयरभारानी थान तथा क्षेत्र संरक्षण साथै व्यवस्थापन समितिको अगुवाइमा १० वर्षमा पाउद्वार गाउँदेखि लरेनी-खोप्रा (खोपारा), खयरखोला हुँदै खयरबाराही ताल जोड्ने पदमार्गको साथै चौतारी निर्माण र खानेपानीको सुविधा पुऱ्याइएको हो ।

समितिका संस्थापक राजु पुनले पाउद्वार र छिमेकी गाउँबासी तथा भक्तजनहरुले दिवङ्गत आफन्तको स्मृतिमा पदमार्ग र चौतारी निर्माण गरेको जानकारी दिनुभयो । सेवा निवृत्त बेलायती गोर्खा सैनिक पुनको अगुवाइमा विसं २०७२ देखि पाउद्वार-खयरभारानी ताल जोड्ने पदमार्ग निर्माण अभियान थालिएको थियो । "दिवङ्गत आफन्तको नाममा चौतारा र बाटो बनाउने पुरानो चलनलाई धार्मिक पर्यटनसँग जोड्ने हाम्रो प्रयासमा स्थानीयवासीका साथै खयरबाराहीमा पूजाआजा गर्न आउने अन्य ठाउँका भक्तजनले साथ दिनुभएको छ", पुनले भन्नुभयो, "१० वर्षमा ६७ जनाले गर्नुभएको रु एक करोड ७० लाख सहयोगमा २७ दशमलव पाँच किलोमिटर पदमार्ग निर्माण भएको छ ।" सत्र जना दाताको सहयोगमा पाउद्वार-लरेनी खण्डमा चार दशमलव पाँच किलोमिटर, २३ जनाको सहयोगमा लरेनी-खोप्रा खण्डमा ११ किलोमिटर र २७ जनाको सहयोगमा खोप्रा-खयर खण्डमा १२ किलोमिटर पदमार्ग निर्माण भएको उहाँको भनाइ छ । भिरालो पाखामा ढुङ्गाको सिँढी चिनेर पदमार्ग निर्माण भएपछि स्थानीयवासी, भक्तजन र पर्यटकहरुलाई आवतजावतमा सहज भएको पाउद्वारका बासिन्दा हरिप्रसाद तिलिजाले बताउनुभयो ।

दाताको सहयोगमा विभिन्न ठाउँमा आश्रयस्थल र खानेपानीको व्यवस्था मिलाइएको छ । अन्नपूर्ण र बराह शिखर हिमालको काखमा रहेको खयर ताल र ताल परिसरमा रहेको प्रसिद्ध धार्मिकस्थल खयर भारानी थानलाई लक्षित गरेर पर्यटन पूर्वाधार निर्माण गरिएको छ । गाउँमा नभएका दाताहरुले समितिको सहजीकरणमा स्थानीय मजदुर परिचालन गरेर पदमार्ग र पूर्वाधार बनाउने गरेका छन् । पदमार्ग र चौतारामा निर्माणकर्ताको विवरन खुलाएर शिलालेख राखिएको छ । अन्नपूर्ण गाउँपालिका-५ का वडाध्यक्ष राजेश तिलिजा पुनले खोप्रा, खयर क्षेत्रको पर्यटन पूर्वाधार निर्माणमा सरकारी निकायको तुलनामा समुदायको बढी लगानी भएको बताउनुभयो । सो क्षेत्रको पूर्वाधार निर्माणमा पर्यटन तथा उद्योग कार्यालयमार्फत पछिल्लो दुई वर्षयता रु ३२ लाख, अन्नपूर्ण गाउँपालिकाबाट करिब २० लाख बजेट खर्च भएको छ ।

स्थानीयवासीले 'खयरभारानी' भन्ने खयरबाराही तालमा जनैपूर्णिमा पर्वमा विशेष मेला लाग्ने गर्छ । खयरभारानीमा जनैपूर्णिमाका दिन पूजाआजा र दर्शन गरेमा मनोकाक्षा पूरा हुने र आटे, मागेको पूरा भएपछि बली चढाउने चलन छ । जनैपूर्णिमाका दिन करिब एक हजार दुई सय जना भक्तजन खयरबाराही पुग्ने गर्छन् । जनैपुर्णिमा बाहेकका दिनमा ताल र यस क्षेत्रको अवलोकनका लागि पर्यटकहरु पुग्ने गर्छन् । पाउद्वारदेखि खयर जाने बाटोमा पर्ने खोप्रा लेक पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास भएको छ । समुन्द्री सतहदेखि तीन हजार छ सय ६० मिटर उचाइको खोप्रा लेकबाट धौलागिरि, अन्नपूर्ण हिमशृङ्खला, पहाडी भूगोल, सूर्योदय र सूर्यास्तको मनमोहक दृष्य अवलोकन गर्न सकिन्छ ।

पर्यटन क्षेत्रमा खोप्राको नामले चिनिएको यो ठाउँलाई स्थानीयवासी 'खोपारा' भन्ने गर्छन् । खोप्रामा पाउद्वार सहकारी संस्थाले सामुदायिक लज सञ्चालन गरेको छ । चौरी र भेडाबाख्राको घुम्ती गोठ पनि खोप्रा, खयर क्षेत्रको आकर्षण हो । पाउद्वारदेखि एक दिनमा खोप्रा र दुई दिनको पैदलयात्रामा खयरबाराही तालमा पुग्न सकिन्छ ।

# नौ सय घरमा खानेपानी सुविधा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३२ असार

जिल्लाका नौ सयभन्दा बढी घरमा 'एक घर, एक धारा'सहितको खानेपानी सुविधा विस्तार भएको छ ।

खानेपानी वितरण गरेको डिभिजन प्रमुख झलकमोहन ओझाका अनुसार खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन गरेका योजनाबाट नौ सय ३१ घरमा खानेपानीको पहुँच विस्तार भएको हो । एक हजार २८३ वटा धारा निर्माण भएकामा नौ सय ३१ वटा धारामा मिटर जडान गरिएको छ । आयोजनामार्फत तीन हजार ११९ मिटर मुख्य, एक सय छ किलोमिटर शाखा पाइपलाइन, चार हजार ७२ घनमिटर क्षमताका २२ वटा रिजर्भ ट्याङ्की र दुई सय ७७ वटा अन्य संरचना निर्माण भएका छन् । प्रदेश सरकारका ३६ वटा योजनाका लागि रु छ करोड ९८ लाख २५ हजार बजेट विनियोजन भएकामा ३५ वटा कार्यान्वयन र ९६ दशमलव ०९ प्रतिशत अथवा रु छ करोड ७० लाख ९५ हजार खर्च भएको छ । सङ्घीय सरकारका पाँचवटा योजनाका लागि रु ५१ लाख बजेट प्राप्त भएकामा तीनवटा योजना कार्यान्वयन र रु ४३ लाख ९५ हजार अथवा ८६.१९ प्रतिशत खर्च भएको कार्यालय प्रमुख ओझाले बताउनुभयो ।

# अठासी वर्षीया खुन्तुरीले पाउनुभयो 'लालपुर्जा'

**रासस**
लमजुङ, ३२ असार

राईनास नगरपालिका-६ नयाँपौवाकी खुन्तुरी परियारको आँखामा आज चमक देखिएको छ ।

जीवनका झण्डै नौ दशक काटिसकेकी उहाँ आफ्नो नाममा लालपुर्जा अर्थात् धनीपुर्जा पाएपछि मख्ख देखिनुहुन्थ्यो । उहाँका अनुसार यो एक साधारण प्रमाणपत्र थिएन, यो थियो, राज्यबाट प्राप्त भएको पहिचान, स्वामित्व र अपनत्वको अनुभूति । सन् १९३७ (विसं १९९४) को पुस महिनामा साविकको गौँडा गाविस, ओखरीमा जन्मिएकी खुन्तुरी आज ८८ वर्षको उमेरमा कान्छी छोरीको संरक्षणमा जीवन बिताइरहनुभएको छ । उहाँका श्रीमानूले दुईवटी बिहे गर्नुभएको थियो । खुन्तुरी कान्छी श्रीमतीको नातामा हुनुहुन्छ । उहाँ कान्छी छोरी र ज्वाइँ बुद्धीबहादुर परियारका साथमा रहँदै आउनुभएको छ । उहाँको शरीर उमेरअनुसार थकितभइसकेको छ । उहाँलाई बोल्न मुस्किल छ । कान कम सुन्नुहुन्छ । तर, उहाँका अनुहार उज्यालिएको छ । आज राईनास धमिलिकुवामा आयोजित भूमिहीन दलित र सुकुम्वासीलाई जग्गाधनी प्रमाण-पुर्जा वितरण कार्यक्रममा जब खुन्तुरी परियारले गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री डा टकराज गुरुङको हातबाट लालपुर्जा लिनुभयो, त्यस क्षण उहाँको ८८ वर्षदेखिको सपना पूरा भयो । "कति पटक त अस्पताल जान पनि नागरिकता र ठेगानाको प्रमाण खोजिन्थ्यो । मेरो ठेगाना भन्न मिल्ने कागज नै थिएन," कान्छा ज्वाइँ बुद्धिबहादुर परियारले खुन्तुरीको तर्फबाट भन्नुभयो । उहाँले भन्नुभयो, "बुढी आमा आज धेरै खुसी हुनुहुन्छ, उहाँका आँखाबाट आँसु झरेको मैले देखेँ ।" बुद्धिबहादुरले थप भन्नुभयो, "लालपुर्जा नहुँदा गरिबीको पीडा मात्रै होइन, सामाजिक अपहेलना पनि भोग्नु पऱ्यो । साह्रै थोरै आम्दानी । न आफ्नो नाममा जमिन । यस्तो अवस्थामा जीवनका धेरै निर्णय अरूको अनुमतिमा सीमित रहन्थे । उहाँको नाममा केही थिएन ।" भूमि समस्या समाधान आयोग जिल्ला समितिको समन्वयमा राईनास नगरपालिका-६ माबुधबार १६ जना भूमिहीन दलित तथा सुकुम्बासीलाई लालपुर्जा वितरण गरिएको हो । आयोगका अनुसार खुन्तुरी परियार जस्तो अवस्थामा रहेका ७२ मध्ये १६ जनालाई पहिलो चरणमा १९१ दशमलव ०४ वर्गमिटर सार्वजनिक पर्ति जमिन उपलब्ध गराइएको छ ।

खुन्तुरी परियारको जीवन अब परिवर्तनको मोडमा पुगेको छ । आफ्नै नाममा लालपुर्जा पाउनु उहाँको आत्मसम्मान र सामाजिक अधिकारको पुनःस्थापना जस्तै हो । उहाँको कथा राईनासमा मात्र होइन, सम्पूर्ण भूमिहीन दलित र सुकुम्बासी समुदायका लागि प्रेरणाको स्रोत बन्दैछ । यस तथ्यले भन्छ, "धैर्य राख्न सक्नुपर्छ, कहिलेकाहीँ न्याय ढिलो हुनसक्छ, तर टाढा भने हुँदैन ।"

# गल्याङमा 'एक घर, एक धारा' अभियान

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ३२ असार

बेरोजगार युवालाई प्रधानमन्त्री कार्यक्रमबाट रोजगारी दिने कार्यक्रम सफल हुन थालेका छन् । कार्यक्रमको प्रयोगलाई केही पालिकाहरुले सदुपयोग गर्न थालेपछि सफल हुन पुगेको देखिएको छ । कतिपय पालिकाले यो कार्यक्रमको दुरुपयोग गर्दा महालेखापरीक्षकले समेत प्रश्न उठाइरहेको छ । यो कार्यक्रमलाई राम्रोसगँ सदुपयोग गर्ने हो भने विकाससगै रोजगार मिलेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको गल्याङ नगरपालिकाले सदुपयोग गरेर उदाहरणीय देखाएको छ ।

खानेपानीको निकै समस्यामा रहेको गल्याङ २ टकुन्चौर गाउँको मुहार यो कार्यक्रमले फेरिएको छ । झण्डै ३ सय मिटर तलबाट पानी बोकेर लामो समयदेखी गुजारा चलाउदै आएका टकुन्चौरका वासिन्दालाई यो कार्यक्रम मार्फत 'एक घर, एक धारा' उपलब्ध गराइएको छ । जसले गर्दा यहाँका वासिन्दाहरुलाई पानी बोकेर ल्याउने समस्या टरेको छ । ३५ घरधुरी रहेको यो बस्तीमा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ३५ ओटै खानेपानीका धारा निर्माण गरिएको छ । झण्डै १ सय ८० घरपरिवार यो कार्यक्रम मार्फत लाभान्वित भएको गल्याङ नगर प्रमुख गुरुप्रसाद भट्टराईले बताए ।

गल्याङ नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को प्रधानमन्त्री रोजगार कार्यक्रमबाट उक्त टोललाई खानेपानीका धारा निर्माण गरिएको नगर प्रमुख भट्टराईले बताए । मंसिरबाट शुरु गरिएको यो योजना असारमा सकिएको छ । नगर प्रमुख भट्टराईले 'एक घर, एक धारा' कार्यक्रमको शुभारम्भ गरी आयोजना संचालनमा ल्याएका छन् । यो अभियानका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमबाट २ लाख ज्यालामा खर्च भएको र अन्य सामाग्री नगरपालिकाले उपलब्ध गराएको थियो । सुचिकृत बेरोजगारदाताका लागि रोजगार पनि भएको र आफ्नै गाउँमा विकास पनि भएकाले यो कार्यक्रमबाट सबै खुशी भएको नगर प्रमुख भट्टराईको भनाई छ ।

गल्याङ नगरपालिकाले यो कार्यक्रम मार्फत आर्थिक बर्ष २०८१/०८२ मा पर्यटकीय क्षेत्रमा गोरेटो सगै बाटो ढलान गर्ने, सिंचाईका लागि कुलो बनाउने लगायतका काम गरेको रोजगार शाखाका प्रमुख खगेन्द्र भण्डारीले बताए । प्रधानमन्त्री रोजगार कार्यक्रम निकै प्रभावकारी भएको र यसको सदुपयोग गर्ने हो भने रोजगार सगै विकासका योजनाहरु सम्पन्न गर्न सजिलो हुने भण्डारीले बताए । जहाँ समस्या छ त्यहाँ यो कार्यक्रमले सहजता दिएको नगरपालिकाको बुझाई छ । खानेपानीकै जोहोका लागि निकै समस्या व्यहोरेका टकुन्चौरका वासिन्दा घर–घरमा धारा आएपछि निकै खुशी भएको बताएका छन् । बिहानै उठेर खानेपानी खोज्न र पालो पर्खन पर्ने समस्या समाधान भएको स्थानीय सुमीसरा थापाले बताईन् ।


# ऋणी सदस्य एवम् जमानतकर्तालाई अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति: २०८२/०४/०१**

यस जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखराको विभिन्न कार्यालयबाट विभिन्न प्रयोजनको लागि ऋण सुविधा लिएर तोकिएको वा सम्झौता बमोजिमको समयावधिभित्र ऋणको साँवा व्याज नबुझाई ऋण सम्झौताका शर्तहरु उल्लङ्घन गर्नुहुने सम्पूर्ण ऋणी सदस्य तथा सम्बन्धित ऋण सिफारिस/धनजमानतकर्ता एवम् परिवारलाई यस संस्थाले पटकपटक विभिन्न माध्यमबाट ऋणको साँवा व्याज, हर्जाना यथासक्य छिटो चुक्ता भुक्तानी गर्न गराउन अनुरोध सहित फोन, एस एम एस एवं ताकेता पत्र प्रेसित गर्दा समेत ऋणी सदस्यले कारोबार नियमित नगरेको र ऋणी सदस्यहरु संस्थाको सम्पर्कमा नै नआउनु भएकोले त्यस्ता सम्पूर्ण ऋणी सदस्य, जमानतकर्ताहरुलाई यही २०८२ श्रावण ७ गते बुधबार भित्र संस्थामा सम्पर्क गरी ऋणको साँवा, व्याज चुक्ता भुक्तानी गर्न गराउन फोन, एस एम एस एवं अन्तिम ताकेता पत्र स्वरुप यो सूचना पुनः प्रेसित गरिएको व्यहोरा अनुरोध छ ।

संस्थाको उक्त अनुरोधको बाबजुद पनि ऋणी सदस्य तथा जमानत कर्ता/सिफारिसकर्ता एवम् परिवारजनले ऋण नियमित गर्ने गराउने तर्फ कुनै चासो नदेखाएमा ऋणी सदस्य, परिवारजन एवम् धनजमानतकर्ताको नाउमा संस्थामा रहेको शेयर एवम् बचतबाट ऋण मिलान गर्ने र सो पश्चात पनि ऋण असुली हुन नसकेमा त्यस्ता ऋणी तथा ऋण जमानतकर्ता/सिफारिसकर्ता एवम् परिवारबाट ऋण असुल उपर गर्न गराउन संस्थाले थप कानुनी प्रक्रिया अगाडि बढाउन लागेको व्यहोरा यसै पत्रसाथ जानकारी गराइन्छ ।

अतः कानुनी कारबाहीको प्रक्रियाबाट ऋण असुल उपर गर्ने क्रममा संस्थाले ऋण तथा सम्बन्धित जमानतकर्ता/सिफारिसकर्ताको फोटो सहितको तीन पुस्ते विवरण सामाजिक सञ्जाल र सार्वजनिक सञ्चार माध्यममा चरणवद्ध रुपमा प्रकाशन गर्ने गराउने र यसरी प्रकाशित विवरण जानकारीको लागि सम्पूर्ण बैंक वित्तिय संस्था, स्थानीय निकाय एवम् अन्य प्रशासनिक निकायलाई समेत पठाईने व्यहोरा अग्रिम रुपमा जानकारी गराईन्छ । यसरी फोटो सहितको तीनपुस्ते विवरण सार्वजनिक रुपमा प्रकाशित गर्दा र त्यस्तो विवरण बैंक वित्तिय संस्था एवम् अन्य प्रशासनिक निकायमा पठाएको कारणले कुनै सदस्य, सिफारिस कर्ता/जमानतकर्ताको सामाजिक, नैतिक मान प्रतिष्ठा र विश्वसनियतामा आँच पुग्न गएमा सम्बन्धित व्यक्ति नै जिम्मेवार रहने व्यहोरा पनि यसै सूचना मार्फत अग्रिम रुपमा जानकारी गराउँदै हालसम्म संस्थामा तिर्न बुझाउन बाँकी रकम यथासक्य छिटो चुक्ता भुक्तानी गर्न गराउन हुन अनुरोध छ ।

*सचेत रहौं, सुरक्षित रहौं । निसंकोच जयलक्ष्मीसँग हातेमालो गरौं, दीर्घकालसम्म "सहकारी मार्फत आत्मनिर्भरता" बढाउन हामी तल्लिन थियौं, छौं र सदा रहनेछौं । धन्यवाद जयलक्ष्मी, जय सहकारी ।*

"सहकारीमार्फत् आत्मनिर्भरता"
जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
Jayalaxmi Saving & Credit Co-operative Society Ltd.
प्रधान कार्यालय : पोखरा-११, रानीपौवा, फोन: ०६१-५७५३८२, ५९०३८१

# १६८ छोरीलाई मुद्दती खाता उपहार

पोखरापत्र संवाददाता
बागलुङ, ३२ असार

बागलुङ नगरपालिकाले 'नगरकी छोरी' कार्यक्रमअन्तर्गत दुई वर्षमा १६८ जना छोरीको मुद्दती खाता खोल्न सफल भएको छ । बागलुङ नगरपालिकाले रु पाँच हजारसहितको मुद्दती खाता छोरीलाई उपहार स्वरुप प्रदान गरिएको जनाएको छ ।

नगरपालिकाले २०८० साउनदेखि नगरपालिकाभित्र जन्मेका सबै छोरीलाई २० वर्षे मुद्दती खाता खोलेको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । नगरपालिकाले दुई वर्षमा नगरभित्र जन्मेका १६८ छोरीको खातामा रु पाँच हजारका दरले रु आठ लाख ४० हजार जम्मा गरिसकेको बताउनुभयो । नगरपालिकाभित्रका १४ वटा वडामा जन्मिएका छोरीहरूको नाममा प्रभु बैंक लिमिटेड बागलुङ शाखामा खाता खोली नगद पाँच हजार नगरपालिकाले जम्मा गरिदिएको हो । "नगरपालिकाले छोरीहरूको प्रोत्साहनका लागि 'नगरकी छोरी' कार्यक्रम सञ्चालन गरेको छ", नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "१३औं नगरसभाद्वारा पारित नीति तथा कार्यक्रमअन्तर्गत अहिलेसम्म एक सय ६८ जना छोरीहरुको २० वर्षे मुद्दती खाता उपहार दिइएको छ, छोरी जन्माउनेलाई प्रोत्साहन गर्ने नगरको नीतिअनुसार हो, त्यहीअनुसार मुद्दती खाताम चक्रिय ब्याज आउने गरी कार्यविधि निर्माण गरेर बैंकसँग सम्झौता गरिएको छ ।" परिवारमा बचत गर्ने बानी बसाल्न नगरकी छोरी कार्यक्रम ल्याइएको उहाँको भनाइ छ । नगरको छोरी कार्यक्रम सञ्चालनका निम्ति कार्यविधि निर्माण गरेर कार्यान्वयन गरिएको छ । जिल्लाको बागलुङ नगरपालिकाले 'नगरकी छोरी' कार्यक्रमलाई कार्यान्वयनमा ल्याएको छ । आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटमार्फत ल्याएको कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याएको हो ।

नगरकी छोरी कार्यक्रमको कार्यविधिको दफा ६ मा कोष सञ्चालनसम्बन्धी व्यवस्थाअनुसार छोरीहरूका लागि मुद्दती खाता सञ्चालन गरी प्रत्येक छोरीहरूका लागि एक पटक रु पाँच हजार जम्मा गर्ने प्रावधान छ । सो मुद्दती खातामा परिवारका सदस्यले रकम थप गर्न चाहेमा थप गर्न सक्ने, यसरी सञ्चालन भएको मुद्दती खाताको रकम छोरी २० वर्ष नपुगेसम्म झिक्न नमिल्ने कार्यविधिमा उल्लेख छ । नगरपालिकाले पहिलो छोरीको रूपमा बागलुङ नगरपालिका-२ श्रीनगर टोलका दुर्गाबहादुर क्षेत्री र मिलिमा केसीकी छोरी अद्धिका क्षेत्रीको नाममा खाता खोलेर 'नगरकी छोरी' कार्यक्रमको थालनी गरेको थियो । नगरमा जन्मेका छोरीहरूको सम्मान र आर्थिक भविष्यका उक्त कार्यक्रम ल्याएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिदत्त कँडेलले जानकारी दिनुभयो । छोरीहरूको संरक्षण, छोरीलाई गरिने विभेदको अन्त्य, बालविवाहको उन्मूलनसहित छोरीलाई शिक्षित र स्वावलम्बी बनाउने उद्देश्यले बागलुङ नगरपालिकाले 'नगरकी छोरी' कार्यक्रम कार्यान्वयन गरेको कँडेलको भनाइ छ ।

# तीन वर्षमा पनि बनेन मध्यपहाडीको दुई किमी सडक

पोखरापत्र संवाददाता
पोखरा, ३२ असार

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत कास्की पोखरा महानगरपालिका-१ को हरिचोक-याम्दी सडक निर्माणमा चरम ढिलासुस्ती भएको छ ।

दुई हजार दुई सय मिटर लामो उक्त सडक निर्माणको ठेक्का विसं २०७९ साउनमा काठमाडौँको मोतीदान कन्स्ट्रक्सन सेवा प्रालिले लिएको थियो । निर्माण कम्पनीको लापरबाहीका कारण उक्त सडक समयमा विस्तार र स्तरोन्नति हुन नसकेको पर्वतस्थित लोकमार्ग आयोजना कार्यालयले जनाएको छ ।

कार्यालयका इञ्जिनीयर किरण सुवेदीले उक्त सडक निर्माणमा हालसम्म ७० प्रतिशत भौतिक र ६६ प्रतिशत वित्तीय प्रगति भएको बताउनुभयो । गत वैशाख दोस्रो सातादेखि अस्फाल्ट प्रविधिबाट कालोपत्र गर्न सुरू गरिए पनि पहिलो चरणको कालोपत्र अझै नसकिएको उहाँको भनाइ छ । "दोस्रो तहको कालोपत्र गर्न बाँकी नै छ, सडक मार्किङ, सौन्दर्यीकरणलगायत काम गर्न अझै केही महिना लाग्ने देखिन्छ", इञ्जिनीर सुवेदीले भन्नुभयो, "वर्षात्का बेला भएकाले कालोपत्रको काम प्रभावित भइरहेको छ, आउँदो आवभित्रमा काम पूरा हुन्छ ।"

हरिचोकतर्फबाट सुरू भएको पहिलो तहको कालोपत्र अन्तिम चरणमा पुगेको उहाँको भनाइ छ । विद्युत् पोल, खानेपानी व्यवस्थापन, भुक्तानी समस्याजस्ता कारणले पनि सडक निर्माण प्रभावित बनेको इञ्जीनीयर सुवेदीले बताउनुभयो । आगामी हिउँदसम्ममा उक्त खण्डको यातायात सेवा सहज हुने उहाँको भनाइ छ । "लामो समय सडक नबन्दा स्थानीयवासी र यात्रु मर्कामा थिए, अब भने धेरै सहज भइसकेको छ", उहाँले भन्नुभयो ।

उक्त खण्डको दुवैतर्फ चार लेनको सडक चार वर्षअघि नै बनिसकेको थियो । बीचको खण्ड जीर्ण हुँदा प्रदेश राजधानी पोखरा प्रवेश गर्ने मुख्य सडकको यातायात सेवा असहज बन्दै आएको छ । सडक कच्ची र अस्तव्यस्त हुँदा सवारी जामको समस्या र दुर्घटनाको जोखिम बढेको यातायात व्यवसायीको गुनासो छ । आयोजना कार्यालयका अनुसार दुई वर्षमा सक्ने ठेक्का सम्झौता भए पनि समयमा काम पूरा हुन नसकेपछि दुई पटकसम्म ठेक्का म्याद थपिएको छ । आयोजना कार्यालयले ठेक्का तोड्न खोजे पनि निर्माण कम्पनीले कामलाई तीव्रता दिने प्रतिबद्धता गरेपछि म्याद थपिँदै आएको हो ।

निर्माण कम्पनीले प्रतिबद्धता अनुसार समयमा काम गर्न नसकेको इञ्जीनीयर सुवेदीले बताउनुभयो । उक्त सडक निर्माणमा ढिलासुस्ती भएपछि स्थानीयवासीले पठक-पटक आयोजना कार्यालयलगायत सरोकार भएका पक्षलाई ध्यानाकर्षण गराएका थिए ।

गतवर्ष असार १५ मा सडकमै रोपाइँ गरेर दबाबमूलक कार्यक्रमसमेत गरेका थिए । पश्चिमतर्फ पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, रुकुम पूर्वलगायतका जिल्लाबाट लोकमार्ग हुँदै दैनिक सयौँ गाडी पोखरा आउँजाउ गर्ने गरेका छन् ।

# चिकित्सा शिक्षा आयोगले पिसिएल नर्सिङको कोटा निर्धारण

रासस
काठमाडौं, ३२ असार

चिकित्सा शिक्षा आयोगको बुधबारको २० औँ बैठकले प्राविधिक तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत चिकित्सा शिक्षातर्फ प्रमाणपत्र तहका कार्यक्रमको सिट निर्धारण गरेको छ ।

प्रधानमन्त्री एवं आयोगका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा आज प्रधानमन्त्री निवास, बालुवाटारमा भएको बैठकमा प्रस्तुत अनुगमन र मूल्याङ्कनसहितको प्रतिवेदनका आधारमा सिट निर्धारण भएको हो । हाल उक्त आङ्गिक, गैरनाफामूलक (प्रतिष्ठान/साझेदारी) र निजी गरी २८५ शिक्षण संस्थालाई सिट निर्धारण गरिएको छ । बैठकमा मेडिकल कलेजलाई पनि पिसिएल नर्सिङ कार्यक्रम सञ्चालनको अनुमति दिन कानुनी सहजीकरणका विषयमा पनि छलफल भएको थियो ।

चिकित्सा शिक्षाको स्नातक तथा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमको शुल्क निर्धारणसम्बन्धी मापदण्डको मस्यौदा तयार गर्न तथा आगामी शैक्षिकसत्रका लागि शिक्षण शुल्क निर्धारण सिफारिस गर्न गठित कार्यदलको प्रतिवेदन टेबल भएको छ ।

कार्यदलले अध्यक्ष एवं प्रधानमन्त्री ओलीलाई बुझाएको सो प्रतिवेदन अध्ययन गरी कार्यान्वयनको प्रस्ताव ल्याउन प्रधानमन्त्री ओलीले आयोगका उपाध्यक्ष प्रा डा अञ्जनीकुमार झालाई हस्तान्तरण गर्नुभयो ।

बैठकले आयोगको आगामी आर्थिक वर्षको आन्तरिक स्रोततर्फको कार्यक्रम र बजेट स्वीकृत गरेको छ ।

बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले चिकित्सा शिक्षा ऐन, २०५७ लाई सामयिक संशोधनको गृहकार्य गर्न र आयोगलाई वास्तविक कार्यक्षेत्रमा सीमित गरी प्रभावकारी बनाउन निर्देशन दिनुभयो । उहाँले शिक्षा क्षेत्रको नियोजन नभई गुणस्तरीयता कायम गर्दै विस्तार र सहजीकरणमा जानुपर्ने बताउनुभयो ।

# सार्वजनिक जग्गामा स्याउका बिरुवा रोप्न रोक

पोखरापत्र संवाददाता
मुस्ताङ, ३२ असार

मुस्ताङको घरपझोङ-२ मार्फा राज खोलास्थित सार्वजनिक जग्गामा स्याउका बिरुवा रोप्नुमा स्थानीय प्रशासनले रोक लगाएको छ । मार्फास्थित राजखोला छेउका सार्वजनिक जग्गामा स्याउ बिरुवा रोप्दै गरेको अवस्थामा जिल्ला प्रशासन कार्यालयले रोक लगाइएको हो । मार्फास्थित राजखोलामा खोला अतिक्रमण गरी स्याउखेती सुरू गर्न थालिएको समाचार स्थानीय सञ्चार माध्यमबाट प्रशारण भएको र केही व्यक्तिबाट गोप्य उजुरी परेकाले रोक लगाइएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिनुभयो ।

मुस्ताङका प्रजिअ भुसालले त्यहाँको सार्वजनिक जग्गामा स्याउ बिरुवा रोप्ने व्यक्ति र संस्थालाई त्यहाँको जग्गासम्बन्धी आवश्यक कागजात लिएर आउनसमेत आग्रह गरिएको बताउनुभयो ।

पछिल्लो समय उच्च घनत्व प्रविधिमा आधारित (हाइब्रिड) स्याउ खेतीतर्फ यहाँको किसानको आर्कषण बढेको छ । बिरुवा रोप्ने गरेको दोस्रो वर्षमै फलदिने भएकाले यहाँ हाइब्रिड खेती गर्ने प्रचलन बढेको हो । यसैका खातिर मुस्ताङका गाउँगाउँमा आफूखुसी गाउँले मिलेर सार्वजनिक जग्गा अतिक्रमण गरी स्याउ खेती गर्ने होडबाजिनै चलेको छ ।

त्यसो त मुस्ताङको मार्फा मात्रै हाइन ,जिल्लाका पाँच वटै स्थानीय तहमा सार्वजनिक जग्गा अतिक्रमण भइरहेको पाइएको छ । यहाँको कूल क्षेत्रफलको दुई प्रतिशत जमिन मात्रै नापी भएकाले यहाँका सार्वजनिक जग्गा प्रयोगविहीन छन् ।

स्थानीय तह सञ्चालन ऐन, २०७४ को कार्यविधि मापदण्डअनुसार यहाँको सरकारी सार्वजनिक जग्गा संरक्षण गर्ने जिम्मेवारी स्थानीय तहको हो ।


## विमा लेख हरायो

**एशियन लाईफ इन्स्योरेन्स कं. लि. बाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि कुँडहरसम्म जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नामः** रामु प्रसाद सिग्देल
**ठेगानाः** लेखनाथ-५, कास्की
**विमा लेख नं.:** ६५११०००८७०८
**सम्पर्क नं.:** ९८५६०३५७११
**सम्पर्क :** एशियन लाईफ इन्स्योरेन्स कं. लि.
पोखरा शाखा



गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८२/०३/३२

यस कार्यालयबाट मिति २०७८/०६/०७ मा कास्की जिल्ला पोखरा २९, कास्कीमा संचालन गर्ने गरि बेनी-३, म्याग्दी, कास्की निवासी विष्णुकुमारी बानिया क्षेत्रीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. २११९१/०७८/०७९ को लक्कीह्यान्ड्स फुड्स ईण्डष्ट्रिज नामक फर्म बन्द गरी पाउँ भनी मिति २०८२/०३/३२ मा आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**



## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### फेदीखोला, स्याङ्जा
### गण्डकी प्रदेश, नेपाल

## बढाबढ सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान को सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०४/०१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ (२), सोही दफाको उपदफा (२) घ (११) र दफा ६२ को उपदफा (२) (घ) अनुसार यस गाउँपालिकाबाट आ.व. २०८२/८३ को लागि निम्न शिर्षकहरुमा कर, सेवा शुल्क, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरि तपसिलमा उल्लेखित ठेक्का नं. अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ । मिति २०८२/०४/१५ गतेको कार्यालय समयभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात सहित निवेदन दिइ तोकिएको दरभाउपत्र दस्तुर तिरी दरभाउपत्र खरिद गर्न सक्नेछन् । मिति २०८२/०४/१६ गतेको मध्यान्ह १२:०० बजेभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात संलग्न राखी दरभाउपत्र दाखिला गर्न सक्नेछन् । यस सम्बन्धमा तोकिएका शर्तहरु लगायत थप जानकारी प्राप्त गर्न ईच्छुक दरभाउपत्रदाताले यस कार्यालयको वेवसाइट phedikholamun.gov.np मा हेर्नुहुन वा यस कार्यालयको राजश्व उपशाखामा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

**तपसिल**

| क्र. सं. | सूचना नं. ०१/०८२/८३ /पी.आर.एम.को ठेक्का नं. | सडकको नाम/ नाका | न्यूनतम कबोल अंक रु. (मु.अ.क.सहित) | दरभाउपत्र फाराम दस्तुर रु. | बीड बण्ड/ धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| (क) सडक उपयोग, संरक्षण तथा मर्मत संभार शुल्क (स्थानीय पूर्वाधार सेवा र शुल्क) उठाउने कार्य : | | | | | | |
| १ | PRM-RT-SQ-01-082-83 | कुभिण्डे मट्टिखान नुवाकोट पौवैगौंडे सडकको कुभिण्डे नाका | १,४०,०००/- | १,०००/- | दरभाउपत्र दाताले आँफुले कबोल गरेको मु.अ.क. सहितको कुल कबोलअंकको कम्तीमा ५ प्रतिशतले हुने रकम धरौटी बापत राख्नुपर्नेछ । | |
| २ | PRM-RT-SQ-02-082-83 | खड्केटारी वाँगे पञ्चासे दोबिल्ला सडकको खड्केटारी नाका | ४,००,०००/- | १,०००/- | | |
| ३ | PRM-RT-SQ-03-082-83 | फेदीखोला मिरुडाँडा कालाभैरव नुवाकोट सडकको फेदिखोला चौकी नाका | २५,०००/- | १,०००/- | | |
| ४ | PRM-RT-SQ-04-082-83 | कुभिण्डे डाँडागाउँ रामकोट कटुजेस्वाँरा सडकको कुभिण्डे नाका | २०,०००/- | १,०००/- | | |
| ५ | PRM-RT-SQ-05-082-83 | सर्केटारी दामगाडे रामकोट नुवाकोट सडकको सर्केटारी नाका | २०,०००/- | १,०००/- | | |
| ६ | PRM-RT-SQ-06-082-83 | पर्सेभाटी टोड्के सडकको पर्सेभाटी नाका | २०,०००/- | १,०००/- | | |
| ७ | PRM-RT-SQ-07-082-83 | सर्केटारी आरुखर्क गलेम पञ्चासे सडकको सर्केटारी नाका | १,७१,०००/- | १,०००/- | | |
| ८ | PRM-RT-SQ-08-082-83 | कुखुरेखोला चनौटे भाटखोला र फेदीखोला स्थानचौर चनौटे पुलको मुख सडकको फेदिखोला र कुखुरेखोला नाका | ३४,०००/- | १,०००/- | | |
| ९ | PRM-RT-SQ-09-082-83 | फेदीखोला कर्मीडाँडा मट्टिखान सडकको माथिल्लो फेदिखोला नाका | २०,०००/- | १,०००/- | | |